


# नेपाल

छलफलका क्रममा सत्तापक्षीय सांसद अमरबहादुर थापाले कर्णाली प्रदेश सरकारले ल्याएको नीति तथा कार्यक्रम, बजेट र रातो किताबको तालमेल नभएको भन्दै आलोचना गरेका छन्। 'बजेट भाषण र रातो किताबको तालमेल भएन, बजेटले बोलेका कुरा रातो किताबमा आएनन्, सीमित व्यक्तिका खल्तीबाट योजना आए'।

## समाचार संक्षेप

### औंला-औंलामा अस्ट्रेलिया विमोचित

काठमाडौं, (नेस)

युवा निबन्धकार तथा नियात्राकार युवराज नयाँघरेको 'औंला-औंलामा अस्ट्रेलिया' को विमोचन सम्पन्न भयो। शताब्दी पुरुष सत्यमोहन जोशीले कृति विमोचन गर्दै नेपाली निबन्ध र नियात्रामा नयाँघरेले उल्लेखनीय योगदान पुऱ्याएको चर्चा गर्नुभयो।

जोशीले भन्नुभयो- 'यो कृतिले अस्ट्रेलियाली आदिवासीबारे निकै राम्रोसँग बताएको छ।' समालोचक महेश पौडेलले नियात्रा संग्रहमाथि आफ्नो मन्तव्यमा- 'नयाँघरेको आफ्नोपन र खुबी यहाँ पोखिएको छ' भन्नुभयो। पौडेलले भन्नुभयो- 'नियात्राको विशिष्ट स्वाद र शैली यस कृतिभित्र भेट्न सकिन्छ।'

साहित्यकार कृष्ण धराबासीले शुभकामना दिँदै भन्नुभयो- 'नयाँघरे घुमेर लेखिरहने एक जना समर्पित लेखक हुन्।' धराबासीले भन्नुभयो- 'नियात्राको कला र मौलिक शैलीका धनी नयाँघरेको यो कृतिले अस्ट्रेलियालाई नयाँ पाराले व्याख्या र विवेचना गरेको छ।'

कृतिकार नयाँघरेले आफ्नो मन्तव्यमा नेपाली निबन्ध र नियात्रा लेखन कला जारी राख्ने बताउनुभयो। उहाँले भन्नुभयो- 'अस्ट्रेलियामा जाने र आउनेहरूको विशेष अनुभूति यहाँ लिपिबद्ध छ।' निबन्धकार मणि लोहनी, रत्न पुस्तक भण्डारका प्रबन्धक सुरेश श्रेष्ठ लगायतले मन्तव्य राख्नुभएको सो समारोह निकै भव्य थियो। नयाँघरेका १५ वटा कृतिमा यसअघि ६ वटा नियात्रा कृति आइसकेका छन्।

### डा. केसी पक्राउ

काठमाडौं, (नेस)

चिकित्सा शास्त्र अध्ययन संस्थानका डा. गोविन्द केसीलाई अनशन बसेकै थलो जुम्लामा प्रहरीले पक्राउ गरेको छ। जुम्लाको अस्पतालमा प्रवेश नदिएपछि डा. केसीले प्रहरी परिसरमै अनशन बसेकाले पक्राउ गरिएको बुझिएको छ। शनिबार दिनको दुई बजेदेखि उहाँले जिल्ला प्रहरी कार्यालय जुम्लामा सत्याग्रह शुरू गर्नुभएको थियो। अनसन बसेलगतै प्रहरीले उहाँलाई उठाएर जिल्लाको कभर्ड हलमा पुऱ्याइदिएको छ र त्यहीं उहाँको अनशन जारी रहेको डा.केसीका सहयोगी डा.जीवन क्षेत्रीले जानकारी गराउनुभयो।

### वडा केन्द्र अझै अन्योल

बाजुरा, (नेस)

हिमाली गाउँपालिकाको वडा नं तीनले अझैसम्म वडाको केन्द्र टुङ्गो लगाउन नसक्दा स्थानीयवासी समस्यामा परेका छन्। वडाको केन्द्र नतोकिदा वडा पालिकाबाट हुने सबै काम गर्न वडाध्यक्षको घरमा जानुपर्ने वाध्यतासंगै अन्य समस्या भइरहेको स्थानीय दिपलाल बुढाले बताउनुभएको छ। वडा नं तीनको युना र बौडाका स्थानीयले आफ्नै ठाँउमा केन्द्र राखिनुपर्ने अडान गर्दै सहमतिमा नआएपछि केन्द्र तोक्न ढिलाइ भएको दलित महिला सदस्य विनकला सुनारले बताउनुभयो। स्थानीयले वडाध्यक्ष ध्यानबहादुर रोकायाले पनि कुनै स्थानलाई नतोकि सहमति गर्न मात्र भन्ने भएकै कारण स्थानीयका बीच आ-आफ्नो ठाउँमा वडा हुनुपर्नेमा विवादित बन्दै गएको छ।

### भीरबाट लडेर मृत्यु

गुल्मी, (नेस)

गुल्मीमा भीरबाट लडेर एक जना बृद्धाको मृत्यु भएको छ। जिल्लाको इस्मा गाउँपालिका वडा नम्बर ६ कालिगौडा निवासरी ७३ वर्षीय लालबहादुर सुनारको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रहरी सहायक निरीक्षक सत्यनारायण यादवले जानकारी दिए। सुनार घरनजिकैको बाटोबाट लडेर करिब ९० मिटर तल खसेको र उनको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ। अत्याधिक मदिरा सेवन गर्ने सुनार मदिरा सेवनकै बेला लडेर मृत्यु भएको हुनसक्ने प्रहरी भनाइ छ।

### ठोरीबाट दुईजना पक्राउ

वीरगन्ज, (नेस)

पर्साको ठोरीबाट प्रहरीले प्रतिबन्धित लागूऔषध नाइट्रोभेट ट्याबलेटसहित दुई जनालाई पक्राउ गरेको छ।

ईलाका प्रहरी कार्यालय ठोरीबाट प्रहरी निरीक्षक प्रमेश विष्टको नेतृत्वमा गएको प्रहरी गस्ती टोलीले भारतबाट अबैध रूपमा ल्याउँदै गरेको ९९ पिस ट्याबलेटसहित ठोरीको राईधाराबाट दुई जनालाई पक्राउ गरेको हो। पक्राउ पर्नेमा चितवन जिल्लाको भरतपुर महानगरपालिका वडा नं १० बस्ने २७ वर्षीय अर्जुन थापा र माडी नगरपालिका ४ बस्ने १९ वर्षीय युगराज महतो रहेका छन्। पक्राउ परेका दुबै जनालाई नाइट्रोभेट ट्याबलेटसहित थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय पर्सामा पठाइएको ईलाका प्रहरी कार्यालय ठोरीका प्रहरी निरीक्षक प्रमेश विष्टले जानकारी दिए।

### आयुर्वेद फर्ममा शिलबन्दी

विराटनगर, (नेस)

एउटा सटरमा दुईवटा नाम राखी व्यापार सञ्चालन गरेको भन्दै औषधि व्यवस्था विभागले विराटनगर ७ मा रहेको एक आयुर्वेद फार्मेसीमा शिलबन्दी गरेको छ। शुरूमा विराट आयुर्वेद फार्मेसी रहेको पतञ्जली सेवा केन्द्रमा सोही वोर्ड हटाएर विराट आयुर्वेद एन्ड हर्बल नामको फर्म सञ्चालन गरेपछि विभागले अबैध कारोबार गरेको हुनसक्ने भन्दै सिलबन्दी गरेको हो। विराटनगर ३ का गोविन्दबहादुर खड्का, अर्चना सोनी र मोरङ बबियाविर्ताकी रमा दाहालले संयुक्त रुपमा विराट आयुर्वेद फार्मेसी सञ्चालन गरेका थिए।

# कर्णाली प्रदेशसभामा सत्तापक्ष नै प्रतिपक्षमा देखिए

**नेपाल समाचारपत्र**

सुर्खेत

कर्णाली प्रदेशको विनियोजन विधेयक, २०७५ माथिको दफावार छलफलमा सत्तापक्षका सांसदहरूले प्रतिपक्षको भूमिकामा टिप्पणी गरेका छन्।

विनियोजन विधेयकअर्न्तगत मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, मुख्य न्यायाधिवक्ताको कार्यालय, भौतिक पूर्वाधार विकास मन्त्रालय र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका शीर्षकहरूमाथि शनिबार भएको दफावार छलफलमा प्रदेशसभा सदस्यहरूले नीति, कार्यक्रम, बजेट र रातो किताबको तालमेल नभएको टिप्पणी गरेका हुन्।

छलफलका क्रममा सत्तापक्षीय सांसद अमरबहादुर थापाले कर्णाली प्रदेश सरकारले ल्याएको नीति तथा कार्यक्रम, बजेट र रातो किताबको तालमेल नभएको भन्दै आलोचना गरेका छन्। 'बजेट भाषण र रातो किताबको तालमेल भएन, बजेटले बोलेका कुरा रातो किताबमा आएनन्, सीमित व्यक्तिका खल्तीबाट योजना आए' -उनले भने। आमुख नेता, मन्त्रीका खल्तीबाट योजना छानिएको भन्दै उनले कर्णाली प्रदेश सरकारले प्रकाशित गरेको रातो किताब नमान्ने चेतावनी दिए।

सांसदहरूको सुझावको उपेक्षा गरिएको भन्दै सांसद थापाले सरकारले कार्यशैलीको सुधार गर्नुपर्ने बताए। सरकारले रातो किताबमा ल्याएका योजनाका बारेमा आफूहरूलाई कुनै जानकारी नभएको उनको प्रतिक्रिया थियो। गाउँमा जनताले योजनाका बारेमा सोध्दा सरकारको कमजोरीका कारण आफ्नो निर्वाचन क्षेत्रमा भएका योजना भन्न सकिने अवस्था नरहेको उनको भनाइ छ।

सत्तापक्षकै सांसद गणेशप्रसाद सिंहले मितव्ययिताको सिद्धान्तविपरीत रातो किताब ल्याइएको आरोप लगाए। 'आम सरोकारवालाका निमित्त अस्पष्ट र अपारदर्शी छ, रातो किताब ल्याउनमै खर्च बढी छ, सरल भाषामा रातो किताब आएन' -उनले भने। नेता र सरकारमुखी रातो किताब भएको भन्दै उनले सरकारको बजेटलाई पजनीमुखी रातो किताबको रूपमा व्याख्या गरे।

कर्णाली प्रदेशका सांसदहरू मन्त्रीहरूका लागि नोकर नभएको भन्दै सरकारले ल्याएका सबै कार्यक्रमको आँखा चिम्लेर समर्थन नगर्ने जिकिर गरे। छलफलमा वोल्दै सांसद सिंहले भने अकर्मण्यतामा बजेट आएको छ ,जनप्रतिनिधिको भावनाविपरीत रातो किताब ल्याइएको छ यो कसरी जनताको पक्षमा हुन्छ। रातो किताब योजनाको स्पष्ट विवरण हो भन्ने कुरा प्रदेश सरकारलाई स्मरण गर्न उनले सुझाव दिए।

सरकारले ल्याएको रातो किताबमा आफ्ना योजना खोजेर पाइँदैन, रातो किताबको सट्टा खैरो किताब आयो जनतालाई योजनाका बारेमा के भन्ने उनले सरकारलाई प्रश्न गरे। सरकारले बजेटका बारेमा सांसदहरबाट सल्लाह सुझाव माग्ने गरेको तर सुझावको कार्यन्वयन नगरी जनतामुखी नभई चाकडी मुखी, नेतामुखी र मन्त्रीमुखी बनाएकोमा बजेट तथा रातो किताब संशोधन गर्न सुझाव दिए।

## बिजुलीविहीन हिमाली गाउँपालिका

**दयाराम पण्डित, बाजुरा**

बाजुराको हिमाली गाउँपालिकाका करिब ९१ प्रतिशत स्थानीय अझै झरो बाल्नुपर्ने वाध्यतामा रहेका छन्। जिल्लाका ९ वटै स्थानीय तहमध्ये हिमाली गाउँपालिकामा ठूलो संख्यामा नागरिकले हालसम्म पनि बिजुलीबत्ती बाल्न नपाएका हुन्।

हिमाली गाउँपालिका वडा नं ६ पाडीका १ सय ४५ घरपरिवारबाहेक अरू सबैको उज्यालोको प्रमुख स्रोत भनेकै झरो, टुकि रहेको हिमाली दुई रुम्दीका हस्तबहादुर थापाले बताउनुभयो। हिमाली गाउँपालिका २ रुम्दी कै मोतिकला थापाले पनि कहिले बत्ती आउन्न र कहिले हामी बालौंला, छोरा नातिका दिन कहीं आए मात्रै नत्र हाम्रा दिनमै त भन्नै सकिँदैन, भन्दै बत्ती बाल्ने आसै नभएको बताउनुभयो। हिमाली गाउँपालिकाका १ हजार ६९७ परिवारमध्ये १ सय ४५ परिवारले मात्र बत्ती बाल्ने गरेका छन्।

हिमाली गाउँपालिकाका अध्यक्ष गोविन्दबहादुर मल्लले आफ्नो कार्यकालमा हिमाली गाउँपालिकाभरि बत्ती बालेर छाड्ने प्रतिबद्धता जनाउनुभएको छ। कवाडी खोलामा यही वर्षभित्रै २०० किलोवाट बत्ती उत्पादन गरिने र अन्य ठाउँमा पनि आफ्नो कार्यकालभित्र पुरै हिमाली गाउँपालिका झिलीमिली पार्ने ठोकुवा गर्नुभएको छ। बाजुरा जिल्लाका अन्य ८ वटा स्थानीय तहका करिब ९० प्रतिशत घरधुरी बिजुली बत्तीको पँहुचमा रहेका छन्। जिल्लामा हाल करिब १५०० किलोवाट विद्युत् उत्पादन भइरहेको भए पनि आगामी १० वर्षसम्मका लागि जिल्लाको आवश्यक माग भने करिब ३ मेघावाटको हाराहारिमा रहेको त्रिवेणी साना जलविद्युत् केन्द्रका बहादुर थापाले बताउनुभएको छ।

आवश्यक मागको ५० प्रतिशत विद्युत् उत्पादन भइरहेको बाजुरामा जिल्लाभरिका विभिन्न स्थानीय उत्पादन विद्युत्लाई एकिकृत रूपमा प्रशारण गर्न सके पुरै बाजुरा जिल्लालाई उज्यालो मात्र बनाउन सकिने भए पनि मागअनुसारको विद्युत् परिपुर्ति भने हुन नसकेको सरोकारवालाले बताए। बाजुराका २२ हजार ३०३ परिवारमध्ये हाल १६ प्रतिशत ३६ सय ३० परिवारले उज्यालो बाल्न नपाएको देखिन्छ। जसमध्ये हिमाली गाउँपालिकामा सबैभन्दा बढी ९१ प्रतिशत परिवार अझै अध्याँरोमा बस्न बाध्य बनेका छन्।

## कर्मचारीलाई घर जाने बाटो खुला

बाँके, (नेस)

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री लालबाबु पण्डितले साउनदेखि कर्मचारीलाई खटाएको ठाउँमा तलब खाने गरी पठाउने बताउनुभएको छ।

मन्त्रालयले ६ जिल्लाका जनप्रतिनिधि, न्यायाधीश, प्रमुख जिल्ला अधिकारी र प्रशासकीय अधिकृतहरूका लागि नेपालगन्जमा आयोजना गरेको 'प्रशासनिक पुनर्संरचनाको सन्दर्भमा सेवा प्रवाहको स्थिति र तहगत अन्तर सम्बन्ध' विषयक अन्तरक्रियामा बोल्दै मन्त्री पण्डितले खटाएको ठाउँमा नजाने कर्मचारीलाई घर जाने बाटो खुल्ला रहेको बताउनुभयो।

उहाँले कम्तीमा दश हजार कर्मचारीलाई आँखा चिम्लेर स्थानीय निकाय पठाउने बताउनुभयो।

## अख्तियारमा अर्घाखाँचीका ७१ मुद्दा

**शोभाखर पन्थी, अर्घाखाँची**

सरकारी कार्यालयबाट प्रवाह गरिने सेवालाई छिटो, छरितो र पारदर्शी बनाउनुपर्नेमा एक कार्यक्रमका वक्ताहरूले जोड दिएका छन्। उनीहरूले भ्रष्टाचार गर्नेमा बढी सरकारी कर्मचारीको नाम जोडिने हुँदा भ्रष्टाचार गरी कमाइ गर्ने मानसिकता त्याग्नुपर्ने बताए।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग बुटवलको आयोजनामा भएको भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धनमा आयोग तथा सरोकारवाला निकायको भूमिका विषयक अन्तर्क्रिया कार्यक्रममा बोल्ने वक्ताहरूले सो कुरा औंल्याएका हुन्। उनीहरूले केही कर्मचारीहरूको बदमासीका कारण समग्र कर्मचारीतन्त्र नै बदनामित हुने अवस्था आएको भन्दै भ्रष्टाचार गर्नेलाई तुरुन्तै कारबाहीको दायरामा ल्याउनुपर्ने बताए।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग बुटवलका प्रमुख एसपी दिनेशकुमार आचार्यले आयोगले गल्ती कमजोरी गर्ने जो कोहीलाई पनि कारबाहीको दायरामा ल्याउने बताए। उनले आयोगमा परेको उजुरीहरूलाई सुक्ष्म ढंगले अनुसन्धान गरेपछि मात्र मुद्दा फर्स्यौट गर्ने गरिएको बताए। दोषी ठहर भएकालाई कानुनबमोजिम कारबाही गरिएको छ उनले भने- 'कर्मचारीहरू सरकारले निर्दिष्ट गरेको नीतिअनुसार चल्नुपर्छ।' उनले व्यक्तिगत रिसिविका कारण पनि अख्तियारमा मुद्दा पर्ने गरेको बताए। 'मुद्दा परिहाल्यो भनेर डराइहाल्नुपर्ने अवस्था छैन', उनले भने- 'गल्ती, कमजोरी नगरे मुद्दा पर्दैमा डराउनुहुँदैन।' आचार्यले अख्तियारमा मुद्दा परेका कामलाई रोकेर राख्नुनपर्ने बताए। 'कानुन सम्वत भएका कार्यहरूलाई मुद्दा परे पनि अघि बढाउँदा हुन्छ' उनले भने- 'रोकेर राख्दा सेवा प्रवाहमा ढिला हुन गइ असर पुग्छ।'

प्रमुख जिल्ला अधिकारी खिमराज भुसालले जिल्लामा ठूला भ्रष्टाचारका घटनाहरू नघटे पनि स-साना उजुरीहरू पर्ने गरेको बताए। 'आएका उजुरी समयमै फर्स्यौट गर्ने गरेका छौं', उनले भने- 'गम्भीर प्रकृतिका उजुरीहरू पनि पर्ने गरेका छन्।' उनले कार्यालय प्रमुखहरूले जिम्मेवारीताका साथ कार्य सम्पादन गर्नुपर्ने बताए। उनले द्वन्द्वकालमा प्रशासन कार्यालयमा भएका प्रमाणहरू जलेका कारण नागरिकताका विषयमा समस्या हुने गरेको बताए। 'इन्डियन पेन्सनवालाको पेन्सनपट्टा र नागरिकतामा नामथर फरक-फरक हुँदा पनि समस्या पर्ने गरेको छ', उनले भने- 'दूतावाससँग समन्वय गरेर गृहमन्त्रालयले गाँठो फुकाउन पहल गरेकाले सहज हुने अपेक्षा गरिएको छ।'

अख्तियारका शाखा अधिकृत सुरेश भुसालले अर्घाखाँचीबाट आर्थिक वर्ष ०७४/७५ मा ७१ मुद्दा दर्ता गरिएको बताए। जसमध्ये शिक्षामा ३०, स्थानीय तहमा १९, वनमा ५, भूमिमा ४, भौतिक पूर्वाधारमा ३, स्वास्थ्यमा ३, उर्जामा २ र अन्यमा ५ वटा रहेका छन्। उनले मुद्दाहरू समयमै फर्स्यौट गर्ने गरिएको बताए। 'केही मुद्दा फर्स्यौट भएका छन्' उनले भने- 'बाँकी फर्स्यौट गर्ने तयारीमा छौं।'

## अबैध लागूऔषध गाँजासहित चारजना पक्राउ

**नेपाल समाचारपत्र**

भक्तपुर

अबैध लागूऔषध गाजासहित प्रहरीले भक्तपुरबाट चारजनालाई पक्राऊ गरेको छ। पक्राऊ पर्नेमा झापा खुदुनाबारी ११ घर भई हाल अर्जुनधारा नगरपालिका ३ बस्ने १८ वर्षीया माण्डुक्के खड्का र पर्वत कुश्मा नगरपालिका ९ ठुले पोखरी घरभई हाल काठमाडौं बुद्धनगर डेरा गरी बस्ने १७ वर्षीया प्रशान्त सुबेदीलाई पक्राउ गरेको हो।

चाँगुनारायण नगरपालिका ६ तेलकोटमा नगरकोटबाट भक्तपुरतर्फ आइरहेको बा ६५ प. ७१२ नम्बरको स्कुटरमा चेकजाँच गर्दा सुबेदीले बोकेको झोलामा १७ पोकामा ४१० ग्राम लागूऔषध गाँजा बरामद गरेको महानगरीय प्रहरी परिषर भक्तपुरका प्रवक्ता रेवतीरमण पोखरेलले जानकारी दिनुभयो। त्यसैगरी प्रहरीले गाँजासहित मोरङ रंगेली नगरपालिका ८ घर भई हाल काठमाडौं पुरानो बानेश्वरमा डेरामा बस्दै आएका २१ वर्षीय दिपिन श्रेष्ठ र भक्तपुर चाँगुनारायण १० का १९ वर्षीया मनिष केसीलाई पक्राउ गरेको छ। प्रहरीले चाँगुनारायण नगरपालिका ६ बतासेमा नगरकोटबाट भक्तपुरतर्फ आइरहेको बा९प १४१६ नम्बरको मोटरसाइकल चेकजाँच गर्ने क्रममा मनोज केसीले बोकेको झोलाभित्र ३०० ग्राम लागूऔषध गाजा बरामद गरेको थियो। प्रहरीले सवारीसाधनसहित चारजनालाई पक्राउ गरी अनुसन्धान शुरू गरेको जानकारी दिएको छ।

## सभामुख...

तर, ९२ मा रहेको राष्ट्रियसभाको अध्यक्ष र उपाध्यक्षसम्बन्धी व्यवस्थामा भने अध्यक्ष र उपाध्यक्षमध्ये एकजना महिला हुनुपर्ने मात्र उल्लेख छ। पहिलो बैठक बसेको १५ दिनभित्रमा प्रतिनिधिसभाले सभामुख, उपसभामुख र राष्ट्रियसभाले अध्यक्ष र उपाध्यक्षको निर्वाचन गरिसक्नुपर्ने व्यवस्था छ। केही दिनअघि दाङ पुग्नुभएका सभामुख कृष्णबहादुर महराले सभामुख र उपसभामुखको पदको विवाद कुनै विषय नै नभएको बताउनुभएको थियो।

उता प्रदेशसभाको सभामुख र उपसभामुखसम्बन्धी व्यवस्थामा पनि प्रतिनिधिसभाकै जस्तै नियम छ। २ नम्बर प्रदेशबाहेक अरू ६ वटा प्रदेशमा तत्कालीन नेकपा एमाले र नेकपा माओवादी केन्द्रबाट सभामुख र उपसभामुख भएका छन्। २ नम्बर प्रदेशमा भने उपेन्द्र यादव अध्यक्ष रहेको संघीय समाजवादी फोरम नेपालका सरोज यादव सभामुख र राष्ट्रिय जनता पार्टी (राजपा) की उमाकुमारी देव उपसभामुख हुनुहुन्छ।

प्रतिनिधिसभा र राष्ट्रियसभाको निर्वाचनमा चुनावी तालमेल गरेका २ दलले जेठ ३ गते पार्टी एकता भएको घोषणा गरेका थिए। प्रतिनिधिसभामा सभामुख महरा र उपसभामुख तुम्बाहाङ्फे हुनुहुन्छ। महरा तत्कालीन माओवादी (केन्द्र) र तुम्बाहाङ्फे एमाले सांसद हुनुहुन्थ्यो। कांग्रेसका महामन्त्री शशांक कोइरालाले संसद्मा यो विषय उठाएर टुंगोमा पुऱ्याइने बताउनुभयो। कांग्रेसकै सांसद दिलेन्द्रप्रसाद बडुले पनि नेकपाले सभामुख वा उपसभामुखमध्ये १ पद छोड्नुपर्ने बताउनुभयो। बडुले संविधानभन्दा ठूलो कोही पनि नभएकाले यसको मान्यतालाई ठूलो पार्टी भए पनि नेकपाले मान्नुपर्नेमा जोड दिनुभयो। राजपाका सांसद् लक्ष्मणलाल कर्णले नेकपाले संविधानअनुसार आफूलाई लानुपर्ने बताउनुभयो। 'कसलाई के मन लाग्छ भन्ने कुरा भएन, पदमा बसिरहन मन लाग्ला त्यो बेग्लै कुरा हो तर संविधानमा जे छ, त्योअनुसार जानुको विकल्प छैन।' -कर्णले भन्नुभयो।

नेपाल बार एसोसिएसनका पूर्वअध्यक्ष प्रेमबहादुर खड्काले संविधान मान्ने हो भने २ मध्ये १ पद नेकपाले छोड्नुपर्ने बताउनुभयो। 'नियम, कानुन मान्दिनँ भन्ने हो भने केही लागेन नभए संविधानबाहिर जान कसैलाई पनि छुट छैन', खड्काले भन्नुभयो- 'अरूलाई कानुन मान्नुपर्छ भन्नेले आफूबाट नै शुरू गर्नुपर्छ। हिजो निर्वाचित हुँदाको बखत भनेर कानुनबाट भाग्न पाइँदैन।'

पूर्वमहान्यायाधिवक्ता रमणकुमार श्रेष्ठले चित्त नबुझे कांग्रेसलाई अदालतमा जान सुझाव दिनुभयो। 'निर्वाचित भएपछि पार्टी सदस्य रहनुहुन्न त्यसैले विवाद गरिरहनुपर्दैन', श्रेष्ठले भन्नुभयो- 'दल मिलेपछि वा छुटेपछि के गर्ने भन्ने लेखिएको छैन त्यसैले पनि विपक्षीले कुरा उठाएको हुन सक्छ।' श्रेष्ठले संविधानमा नलेखिएको विषय नभएको र जे लेखिएको छ त्यसलाई मात्र बुझ्नुपर्ने दाबी गर्नुभयो। उहाँले 'निर्वाचन गर्दा' भन्ने शब्दले त्यति बेलाको समय भनेर बुझिने प्रस्ट पार्नुभयो।

नेपाल बार एसोसिएसनका पूर्वअध्यक्ष विश्वकान्त मैनालीले यस विषयमा २ वटा तर्क भएको बताउनुभयो। 'सभामुख र उपसभामुख पार्टीको नै मान्छे रहने कि राजीनामा दिएपछि नरहने भन्ने एउटा तर्क छ, यसमै मतभेद छ', मैनालीले भन्नुभयो- 'उहाँहरू 'न्युट्रल' नै हुनुपर्ने हो तर पार्टीको ट्याग लागेर त्यो पदमा पुग्नुभएको छ।' मैनालीले बेलायतको संसद्मा यसरी पार्टी छोडिसकेपछि उसको पार्टीसँग कुनै सम्बन्ध नरहने र संसद्मा पनि फरक ठाउँमा बेग्लै बस्ने गरेको उदाहरण दिनुभयो।

नेकपाका सांसद् कृष्णभक्त पोखरेलले निर्वाचन हुँदा अलग-अलग पार्टीबाट उम्मेदवार भएकाले अहिले आएर त्यसमा विवाद गरिरहनुनपर्ने बताउनुभयो। उहाँले पार्टी एक भए वा अन्य अवस्था आएमा के गर्ने भन्ने व्यवस्था संविधानमा उल्लेख नभएकाले यही अवस्था नै कायम रहने दाबी गर्नुभयो। नेकपाकै केही नेताले भने पार्टीबाट सभामुख र उपसभामुखले राजीनामा दिएकाले पार्टीकै व्यक्ति भन्न नमिल्ने भनेर व्याख्या गर्दै आएका छन्। पूर्वसभामुख सुवासचन्द्र नेम्वाङले पार्टीमा नरहेको भनेर राजीनामा नै दिएपछि पार्टीको मानिस भन्न नहुने बताइरहनुभएको छ। राष्ट्रिय जनता पार्टी (राजपा) का सांसद् राजेन्द्र महतोले आफूलाई ठूलो पार्टी हौं भन्नेलाई संविधानमा उल्लेख भएको कुरा सिकाइरहनुनपर्ने टिप्पणी गर्नुभयो।

'नीति, नियम पालना गर्छु भन्नेले कसमेकम यतिसम्म बुझेकै हुनुपर्छ, नभएपछि फेरि सम्झाउँला।' -महतोले भन्नुभयो। उपसभामुख तुम्वाहाङ्फेले निर्वाचित भएको केही दिनमै पत्रकारसँगको भेटमा आफूले मात्र उपसभामुख छोड्नुपर्छ भन्ने नभएको बताउनुभएको थियो। तत्कालीन एमालेले संसदीय दलको प्रमुख सचेतक र सचेतक छानिसकेको थियो, पार्टी एकता भएपछि एमालेका तर्फबाट छानिएका प्रमुख सचेतक खगराज अधिकारीको पद खोसिएको छ। माओवादी केन्द्रका देवप्रसाद गुरुङ अहिले नेकपाको प्रमुख सचेतक बन्नुभएको छ, हिजो माओवादी केन्द्रले उहाँलाई नै प्रमुख सचेतक बनाएको थियो, सचेतक भने एमालेबाट छानिएकी शान्ता चौधरी हुनुहुन्छ। सांसद देवेन्द्र पौडेलले पहिले नै यस्तो परिस्थिति आउला भनेर संविधान नबनाएकाले जस्तो अवस्था आउँछ त्यसैअनुसार निर्णय गर्दै जाने बताउनुभयो। उहाँले सबैसँग छलफल गरेर टुंगोमा पुग्नुपर्नेमा जोड दिनुभयो।' तत्कालीन वाम गठबन्धनले राप्रपा र राष्ट्रिय जनमोर्चासँग पनि चुनावी तालमेल गरेको थियो। वाम गठबन्धनको समर्थनमा प्युठान-१ बाट राष्ट्रिय जनमोर्चाकी दुर्गा पौडेलले र झापा-३ बाट राप्रपाका उम्मेदवार राजेन्द्रप्रसाद लिङ्देनले निर्वाचन जित्नुभएको छ।

## शिक्षा...

झण्डै ३ सय ५० वटा स्थानीय निकायमा शिक्षाका कर्मचारी पुग्न सकेका छैनन्, शिक्षा विभागमा झण्डै ५१ उपसचिवलाई कामविहीन बनाइएको छ। उनीहरूलाई बस्ने स्थानको समेत व्यवस्था गरिएको छैन। १४ जना विद्यालय निरीक्षकलाई पेण्डुलम बनाइएको छ। उपसचिव र विद्यालय निरीक्षकको काम हाजिर गरेर घर जाने मात्र भएको छ। 'अहिले त मन्त्रीको काम आफू निकटकालाई राम्रो स्थानमा सरुवा गर्नु अनि मन्त्रालयमा स्वकीय सचिवको नाममा विभिन्न व्यक्तिलाई भेला गराउनु मात्र देखिएको छ' -मन्त्रालयका उच्च अधिकारीले भने।

**वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानको अनलाईन दरभाउपत्र (ई-कोटेशन) रद्ध गरिएको सूचना ।**

यस प्रतिष्ठानबाट मिति २०७४।०५।२२ गतेको नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरीएको तपशिलमा उल्लेखित अनलाईन दरभाउपत्रहरू निर्णय अनुसार रद्ध गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

1. **Repair & Maintenance Work-Library, Day Care OT, Dental College, Emergency, Prosthodntics, Hospital Kitchen, Electromed office, C 731**
2. **Repair & Maintenance Work-Bld No.224,152, D4-11, 98 , A, C, D, C611, C612, 196**